# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१५६
०१-४४५०३५६


प.सं. : ०८२/८३
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८३।०१।१६ को नदि किनारका बस्ती एवम् सरकारी, प्रर्ति वा निजी जग्गा समेत अतिक्रमण गरी अनाधिकृत तबरबाट बसोवास भै आएका बस्तीहरू खाली गर्ने सम्बन्धी जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट जारी गरिएको सूचना अनुसार आ.ब.०८२।८३ को मिति २०८३।१।१८ मा सम्पन्न कागेश्वरी मनोहरा नगरपालिका, नगरकार्यपालिकाको दशौ बैठकमा भएको निर्णय देहाय अनुसार भएको व्यहोरा सम्पुर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

१. मिति २०८३।०१।१६ को नदि किनारका बस्ती एवम् सरकारी, प्रर्ति वा निजी जग्गा समेत अतिक्रमण गरी अनाधिकृत तबरबाट बसोवास भै आएका बस्तीहरू खाली गर्ने सम्बन्धी जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको सूचना सम्बन्धित बस्तीहरूमा प्रचारप्रसार र जानकारी गराउने।

२. नदी किनारका अनधिकृत जोखिमपुर्ण वस्ति एंवम सरकारी पर्ति वा निजी जग्गा समेत अतिक्रमण गरी अनधिकृत तवरवाट बसोवास भै आएका वस्ती खाली गर्ने क्रममा वास्तविक भूमिहीन दलित, भुमिहीन सुकुम्बासीहरूको विवरण सम्बन्धित वडा कार्यालयबाट संकलन गर्ने सोका लागि देहाय अनुसारको समिति गठन गरी जिम्मेवारी दिने।

   क. सम्वन्धित वडा सचिव संयोजक

   ख. वडाको कार्यक्षेत्र भएको प्रहरी प्रतिनिधि सदस्य

   ग. नगर प्रहरी सदस्य

   घ. सम्बन्धित वडाको कर्मचारी सदस्य सचिव

३. नदी किनारका अनधिकृत जोखिमपुर्ण वस्ति एंवम सरकारी पर्ति वा निजी जग्गा समेत अतिक्रमण गरी अनधिकृत तवरवाट बसोवास भै आएका वस्ती खाली गराए पश्चात तहाँबाट विस्थापित भएका भूमिहीन सुकुम्बासीहरूलाई तत्काल बसोबास गर्न यस पालिकाभित्र तत्काल उपयुक्त संरचना सहितको होल्डिङ्ग सेन्टर नभएको कारण संघीय सरकारले तोकेको स्थानमा बस्न पठाउने। होल्डिङ्ग सेन्टरमा रहेका व्यक्ति/परिवारहरूको सेन्टरमा रहँदा सम्मको खानपिन र स्वास्थ्य उपचारमा आवश्यकता अनुसार नगरपालिकाले सहयोग गर्ने।

४. सामान व्यवस्थापन र स्थानान्तरणमा नगरपालिकावाट आवश्यक सहजिकरण, सहयोग गर्ने र सम्वन्धित वडाभित्र सामान व्यवस्थापन गर्ने स्थान भएमा वडा कार्यालयवाट स्थान छनौट गरी सहजिकरण गर्ने ।

# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६


प.सं. : ०८२/८३
च.नं. :

५. सुकुम्वासी बस्तिमा रहेका वृध्दवृध्दा, अपाङ्ग, जटिल प्रकृतिका विरामीहरु, सुत्केरीहरुको लगत राखी अत्यावश्यक सहयोग र समन्वयमा प्रथमिकता दिई कार्य गर्ने ।

६. कागेश्वरी मनोहरा नगरपालिकाभित्र वडा नं. ८ मा रहेको पशुपति क्षेत्र विकास कोषको जग्गा, वडा नं. ६ मा रहेको अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला मूलपानीको जग्गा, कागेश्वरी मनोहरा नगरपालिकाभित्र रहेको मनोहरा नदी र बागमती नदी र सार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास गरेका जग्गाको वस्ती हटाउन र त्यसपछिको व्यवस्थापनमा समन्वय र सहयोगका लागि पशुपति क्षेत्र विकास कोष र राष्ट्रिय खेलकुद परिषद तथा सम्पुर्ण राजनैतिक दल सम्बन्धित संघ संस्था अनुरोध गर्ने।

७. नगरपालिकावाट तोकिएको नदी,खोला, सार्वजनिक जग्गा तथा खहरे एवं सडकको मापदण्ड मिचेर बनेका निजी संरचनाहरू ७ (सात) दिनभित्र हटाउन सार्वजनिक सूचना जारी गर्ने र ७ (सात) दिनभित्र नहटाएमा नियमानुसार हटाउने।

८. सामान व्यवस्थापन र स्थानान्तरणमा नगरपालिकावाट आवश्यक सहजिकरण, सहयोग गर्ने र सम्वन्धित वडाभित्र सामान व्यवस्थापन गर्ने स्थान भएमा वडा कार्यालयवाट स्थान छनौट गरी सहजिकरण गर्ने ।

९. माथि उल्लेखित निर्णयहरू कार्यान्वयन गर्न सवै वडा कार्यालयहरूलाई पत्राचार गर्ने।

(हरिभक्त पुडासैनी)
नगर प्रवक्ता

२०८३ साल बैशाख १८ गते शुक्रवार
११४६ वछलाथ्व पुर्णिमा